# तातोपानी गाउँपालिका
# जुम्ला

| स्थानीय राजपत्र |
|---|
| **खण्ड : ७ सङ्ख्या : ८ मिति : माघ २९, २०८०** |
| **परिच्छेद - १** |
| तातोपानी गाउँपालिका ,जुम्ला |
| स्थानिय सरकार संचालन ऐन,२०७४ को दफा १०२ को उपदफा (३) बमोजिम तातोपानी गाउँपालिका ,गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागी यो राजपत्र प्रकाशन गरीएको छ। |
| **भुमि व्यवस्थापन ऐन २०८०** |
| **गाउँसभाबाट पारित मितिः २०८०।१०।२५ गते** |
| प्रमाणिकरण मिति : २०८०।१०।२९ गते |

अध्यक्ष

तातोपानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिंजाकोट,जुम्ला
कर्णाली प्रदेश,नेपाल
२०७३

# भुमि व्यवस्थापन ऐन २०८०

**गाउँसभाबाट पारित मितिः २०८०।१०।२५ गते**
**प्रमाणिकरण मिति : २०८०।१०।२९ गते**

प्रस्तावनाः

भुमि वर्गीकरण,समुचित र प्रभाकारी व्यवस्थापनको माध्यमबाट अधिकतम र दिगो लाभ हासिल गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न आवश्यक भएकोले तातोपानी गाउँपालिकाको गाउँसभाको सल्लाह र सहमतिले **भुमि व्यवस्थापन ऐन २०८०** बनाई जारी गरीएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ :**

क. यस ऐनको नाम "भुमि व्यवस्थापन सम्बन्धी ऐन २०८०" रहेको छ ।

ख. यो ऐन तातोपानी गाउँपालिका भित्र लागु हुनेछ ।

ग. यो ऐन तातोपानी गाउँपालिकाको गाउँसभाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखी प्रारम्भ हुनेछ ।

**२. परिभाषा बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :**

क) **"आवासिय"**क्षेत्र भन्नाले मानविय वासस्थानको लागी प्रयोग भएको घर रहेको घर रहेका जग्गा तथा घरसँग जोडिएको वा नजोडिएको गोठ,भकारी,ग्यारेज,तबेला,इनार,फलफुल,बगैचा,करेसाबारी,आँगन, वा त्यस्तै अरु कुनै काममा प्रयोग गरीएको जग्गा सम्फनु पर्छ र सो शब्दले वसोबासको लागी प्रचलित कानुन वमोजिम तोकीएको कुनै क्षेत्रलाई समेत जनाउछ ।

ख) **"औद्योगिक"** क्षेत्र भन्नाले कुनै पनि कार्यस्थल वा वस्तु उत्पादन गर्ने उद्योग तथा सो संचालन गर्ने प्रयोगको लागी निर्माण गरीएका भवन,घर,टहराले,चर्चेको जग्गा लगाएत सो प्रयोगको लागी छुट्याइएका जग्गा सम्फनु पर्छ। सो शब्दले कुनै निश्चित भौगोलिक उद्योग प्रवर्द्धन गर्ने उद्देश्यले प्रचलित कानुन वमोजिम तोकीएको बिशेष आर्थिक क्षेत्रलाई समेत जनाउछ ।

ग) **"कार्यान्वियन समिति"** भन्नाले दफा १४ वमोजिमको स्थानीय भु-उपयोग तथा व्यवस्थापन कार्यान्वयन समिति सम्फनु पर्छ ।

घ) **"कृषि क्षेत्र"** भन्नाले कृषिबालीउत्पादन,पशुपन्छीपालन,फार्महाउस,मत्स्यपालन,माहुरीपालन,रेशमखेती लगायत कृषिजन्य उत्पादन वागवानी वा वनवाटीका,जटिबुटी र कृषि वनका. लागी प्रयोग भएको वा हुनसक्ने जग्गा सम्फनु पर्छ ।

ङ) **"खानी तथा खनिज क्षेत्र"**भन्नाले प्रचलित कानुन वमोजिम खानी तथा खनिज पर्दार्थ उत्खनन उत्पादन शुद्धिकरण प्रशोधन सञ्चय गर्ने प्रयोजनले छुट्याएको क्षेत्र सम्फनु पर्दछ ।

च) **"तोकिएको वा तोकीए वमोजिम"** भन्नाले यस ऐन अर्न्तगत वनेको नियममा तोकीएको वा तोकीए वमोजिम सम्झनु पर्छ ।

छ) **"स्थानीय भु-उपयोग परिषद"**भन्नाले दफा १४ वमोजिमको स्थानीय भु-उपायेग परिषद सम्झनु पर्दछ ।

ज) **"भु-उपयोग"**भन्नाले भुमिको उपयोग सम्झनु पर्छ ।

झ) **"भु-उपयोग"**क्षेत्र भन्नाले दफा ४ वमोजिम वर्गीकरण गरीएको क्षेत्र सम्झनु पर्छ ।

ञ) "**भु-उपायेग क्षेत्र नक्सा"**भन्नाले दफा ५ वमोजिम तयार गरीएको नक्सा सम्झनु पर्छ ।

ट) "**भु-उपयोग योजना"**भन्नाले भु-उपयोगलाई व्यवस्थित गर्न दफा ६ वमोजिम तयार गरीएको योजना सम्झनु पर्छ ।

ठ) **"भुमि"**भन्नाले पृथ्वीको सतह सतहभन्दा सिधा तल पृथ्वीको केन्द्र सम्म र सतहभन्दा माथी पृथ्वीको गरुत्वाकर्षणले भेट्ने सिमासम्मको भागलाई सम्झनु पर्छ ।

ड) **"भुमि विभाग"** भन्नाले भुमि व्यवस्थापन सम्वन्धि विषय हेर्ने स्थानीय सरकारको बिभाग सम्झनु पर्छ ।

ढ) **"वन क्षेत्र"**भन्नाले प्रचलित कानुन वमोजिम तोकीएको वन क्षेत्र सम्झनु पर्छ ।

ण) **"व्यावसायिक क्षेत्र"** भन्नाले वैक,सरकारी र वितिय संस्था,होटेल,प्रर्द्धशनी कक्ष,पेट्रोल पम्प,गोदाम घर,चलचित्र घर,स्वास्थ्य,सञ्चार,मनोरञ्जन,सम्वन्धी सेवा,वस्तु खरिद विक्रि हुने स्थान कुनै साहित्यक,वैज्ञानिक,प्रविधिक सेवा,सुचना तथा परामर्श उपलब्ध गराउने संस्था अन्य कुनै व्यवसायिक प्रयोगको लागी निर्माण गरीएको भवनले चर्चेको जग्गा सम्झनु पर्छ । सो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा बजार विस्तार गर्ने गरी प्रचलित कानुन वमोजिम तोकिएको क्षेत्रलाई समेत जनाउछ ।

त) **"सास्कृतिक तथा परातात्विक महत्वको क्षेत्र"** भन्नाले धार्मिक स्थल,धर्मशाला,पुरातात्कि महत्वका दरवार तथा प्रचलित कानुन वमोजिम सास्कृतिक तथा पुरातात्कि महत्वको क्षेत्र भनि ताकिएको क्षेत्र सम्झनु पर्छ ।

थ)**"सार्वजिक उपयोग क्षेत्र"**भन्नाले विद्यालय,विश्वविद्यालय,छात्रवास,अन्त्येष्टि स्थल,सडक,सिचाई कुलो,नहर,इनार,कुवा,चौतारी,पाटी,पौवा,गौशाला,उद्यान,वसपार्क,विमानस्थल,गौचरण,खेलकुद मैदान,तथा अन्य सार्वजनिक उपयोगको लागी निर्माण गरीएको भवन,घर,टहरा,स्थान वा त्यस्ता संरचनाले चर्चेको जग्गा सम्झनु पर्छ । सो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा सार्वजनिक उपायोगको क्षेत्र भनि प्रचलित कानुन वमोजिम तोकिएको क्षेत्रलाई समेत जनाउँछ ।

द) **"स्थानीय भु-उपयोग परिषद"** भन्नाले ऐनको दफा १४ वमोजिमको स्थानीय भु-उपयोग परिषद सम्झनु पर्दछ ।

## परिच्छेद-२

## भु-उपयोग कार्यक्रम संचालन,भु-उपयोग क्षेत्र,भुमिको वर्गीकरण भु-उपयोग योजना

३. **भु-उपयोग कार्यक्रम संचालन गर्न सक्ने :**

१) स्थानीय सरकारले भुमिको समुचित उपयोग तथा सार्वजनिक हित समेतलाई ध्यानमा राखी तातोपानी गाउँपालिकाको सबै क्षेत्रमा भु-उपयोग कार्यक्रम संचालन गर्नु सक्नेछ ।

२) उपदफा (१) वमोजिम कार्यक्रम संचालन गर्नु सार्वजनिक सुचना प्रकाशन गर्नु पर्नेछ ।

४.**भु-उपयोग क्षेत्र वर्गीकरण:**

१)यस ऐन वमोजिम तातोपानी गाउँपालिका जुम्लाको भुवनौट भुमिको क्षमता तथा उपयोगमा भुमिको मौजुदा उपयोग र आवश्यकता समेतका आधारमा भुमिलाई देहाय बमोजिम भु-उपयोग क्षेत्रमा वर्गीकरण गरीनेछ :

क) कृषि क्षेत्र

ख) आवास क्षेत्र

ग) व्यावसायिक क्षेत्र

घ) औद्योगीक क्षेत्र

ङ) खानी तथा खनिज क्षेत्र

च) वन क्षेत्र

छ) नदि,खोला,ताल,सिमसार क्षेत्र

ज) सार्वजनिक उपयोग क्षेत्र

झ) सास्कृतिक तथा पुरातात्कि महत्वको क्षेत्र

ञ) नेपाल सरकारबाट आवश्यकता अनुसार तोकिएका अन्य क्षेत्र ।

(२) उपदफा (१) मा जुनसुकै सुरा लेखिएको भए तापनि सोहि उपदफाको खण्ड (क) मा उल्लेखीत क्षेत्र वाहेक अन्य क्षेत्रमा वर्गीकरण भएको जग्गा त्यस्तो क्षेत्रमा उपयोगमा नआउदा सम्मको लागी स्थानीय भु-उपयोग परिषदलाई जानकारी गराई कृषि क्षेत्रको रुपमा ल्याउन बाधा पर्ने छैन ।

(३) उपदफा (१) बमोजिम वर्गीकरण गरीएको क्षेत्रलाई तोकीए वमोजिमका उपक्षेत्रहरुमा वर्गीकरण गर्न सकिनेछ ।

(४) कुनै स्थानीय तहले आफनो क्षेत्रमा उपदफा (१) वमोजिम वर्गीकरण गरीएको क्षेत्र वाहेक को अन्य कुनै भु-उपयोग क्षेत्रको रुपमा वर्गीकरण गर्ने आवश्यक देखेमा त्यस्तो क्षेत्रलाई भु-उपयोग क्षेत्र वर्गीकरणमा समावेश गर्ने संघिय भु-उपयोग परिषदमा लेखी पठाउनु पर्नेछ ।

(५) उपदफा (४) वमोजिम लेखी आएकोमा संघिय भुउपयोग परिषदले थप वर्गीकरण गर्नु पर्ने आवश्यक देखेमा भु-उपयोग क्षेत्र वर्गीकरण गर्न सम्वन्धित स्थानीय तहलाई सहमती दिन सक्नेछ ।

(६) सम्वन्धित स्थानीय भु-उपयोग परिषदले यस ऐन वमोजिम निर्धारित भु-उपयोग क्षेत्र वर्गीकरणका आधारमा मापदण्ड तथा भु-उपयोग विभागले तयार गरेको कार्यविधि वमोजिम आफनो क्षेत्रभित्रको भुमिलाई भु-उपयोग क्षेत्रमा वर्गीकरण गर्नु पर्नेछ ।



तातोपानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लिखाकोट, जुम्ला
कर्णाली प्रदेश, नेपाल
२०७४

(७) उपदफा (६) बमोजिम क्षेत्र वर्गीकरण गर्दा स्थानीय भु-उपयोग परिषदले कुनै संघिय वा प्रदेशस्तरको योजना संचालनमा रहेका वा संचालन हुन भनि तोकीएका क्षेत्रलाई सोही वमोजिम वर्गीकरण गर्नु पर्नेछ ।

(८) स्थानीय भु-उपयोग परिषदले भु-उपयोग क्षेत्र वर्गीकरण गरेको सुचना सर्वसाधारणको जानकारीको लागी स्थानीय पत्रपत्रिका तथा विधुतय संचार माध्यमबाट प्रकाशन तथा प्रसारण गर्नु पर्नेछ ।

(९) स्थानीय भु-उपयोग परिषदले वर्गीकरण गरीसकेको क्षेत्रमा नेपाल सरकार वा प्रदेश सरकारले तोकेक वर्गीकरण भन्दा कुनै फरक योजना संचालन गर्नु परेमा दफा ८ वमोजिम मौजुदा भु-उपयोग परिवर्तन गर्नु पर्नेछ ।

(१०) भु-उपयोग क्षेत्र वर्गीकरण गर्ने आधार मापदण्ड र क्षेत्रफल तोकीए वमोजिम हुनेछ । -

## ५. भु-उपयोग क्षेत्र नक्सा तयार गर्नु पर्ने :

(१) विभागले प्रत्येक स्थानीय तहको भु-उपयोग क्षेत्र नक्सा तयार गर्नु गराउनु पर्नेछ ।

(२) यो ऐन प्रारम्भ भएको एक वर्ष भित्र विभागले स्थानीय तहका भु-उपयोग नक्सा तयार गरी हस्तान्तरण गर्नु पर्नेछ ।

(३) उपदफा (२) वमोजिम नक्साहरुलाई स्थानीय भु-उपयोग परिषदले आवश्यकता अनुसार अधावधिक गरी लागु गर्नु पर्नेछ ।

(४) स्थानीय तहको आवश्यकता अनुसार भु-उपयोग क्षेत्र नक्सा अध्यावधिक गर्ने कार्यको लागि विभागले तोकीएको निकायको आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(५) यस दफा वमोजिम विभाग भु-उपयोग क्षेत्र नक्सा तयार गर्दा प्राकृतिक विपद्को सम्भावना रहेका जोखीमयुक्त क्षेत्रको पहिचान गरी नक्सामा त्यस्तो क्षेत्र जनाउनु पर्नेछ ।

## ६. भु-उपयोग योजना तर्जुमा :

(१) स्थानीय तहको भु-उपयोग योजना तर्जुमा गर्नु अघि भुमिको वस्तुस्थिती जनसंख्या वृद्धिदर खाध्य तथा आवासको आवश्यकता आर्थिक विकास तथा पूर्वाधार निर्माणको लागी भुमिको मागमा हुने वृद्धि लगाएतका बिषयमा अध्ययन गरी दीर्गकालिन भु-उपयोग योजनाको आधारपत्र तयार गर्नु पर्नेछ ।

(२) स्थानीय भु-उपयोग विभागले उपदफा (१) वमोजिमको दीर्गकालिन भु-उपयोग योजनाको आधारपत्र तथा समग्र आर्थिक,सामाजिक,पूर्वाधार विकास लगाएतका बिषय समेतको आधारमा संघिय भु-उपयोग योजना तयार गरी संघिय भु-उपयोग परिषदद्धारा स्विकृत गराई लागु गर्नु पर्नेछ ।

(३) स्थानीय सरकारले आफनो स्थानीय अर्न्तगतको आर्थिक,सामाजिक,पूर्वाधार विकास लगाएतका बिषय समेतको आधारमा स्थानीय तह स्तरिय भु-उपयोग योजना तयार गर्नु पर्नेछ ।

(४) उपदफा (३) वमोजिम स्थानीय तह भु-उपयोग योजना तर्जुमा गर्दा प्रदेश भु-उपयोग योजना सँग प्रतिकुल नहुने गरी स्थानीय भु-उपयोग परिषदवाट स्विकृत गराई लागु गर्नु पर्नेछ ।

(५) प्रत्येक स्थानीय तहको भु-उपयोग क्षेत्र नक्सा तथा आफनो क्षेत्र भित्रको आर्थीक,सामाजिक,पूर्वाधार विकास लगायतका बिषय समेतको आधारमा संघिय र प्रदेश स्तरिय भु-उपयोग योजनासँग प्रतिकुल नहुने गरी भु-उपयोग योजना तयार गर्नु पर्नेछ ।

(६) उपदफा (५) वमोजिम तयार गरीएको भु-उपयोग योजना स्थानीय भु-उपयोग परिषदवाट स्विकृत गराई लागु गर्नु पर्नेछ ।

(७) स्थानीय तहले उपदफा (५) वमोजिम भु-उपयोग योजना तयार गर्दा आवश्यकता अनुसार ग्रामिण र सहरी क्षेत्रको वेग्लावेग्लै योजना तर्जुमा गर्न सक्नेछ ।

(८) भु-उपयोग योजना तयार गर्दा देहायका क्षेत्र देखिने गरी तयार गर्नु पर्नेछ ।

क) राष्ट्रिय परियोजना

ख) विशेष आर्थिक क्षेत्र

ग) औद्योगीक करिडोर

घ) अन्तरप्रदेश पहिचान र मानविय आस्था वोकेका धार्मिक सास्कृतिक महत्वका स्थानहरु

ङ) अन्तरप्रदेश फैलिएका परियोजना

च) संरक्षण योग्य राष्ट्रिय महत्वका प्राकृतिक तथा भौतिक सम्पदाहरु

छ) राष्ट्रिय सुरक्षाको दृष्टिले संवेदनशिल स्थानहरु

ज) विपद् जोखिमयुक्त क्षेत्र

झ) वातावरणीय स्वच्छता तथा जैविक विविधता संरक्षणको लागी सुरक्षित क्षेत्र

ञ) अन्य आवश्यक क्षेत्र

(९) भुउपयोग योजना सम्वन्धी अन्य व्यवस्था ताकिए वमोजिम हुने छ ।

## परिच्छेद-३

## जग्गाधनी श्रेस्ता र प्रमाणपुर्जा अद्यावधीक तथा भु-उपयोग परिर्वतन

### ७. जग्गाधनी श्रेस्ता र प्रमाणपुर्जा अध्यवधिक गर्नु पर्ने

(१) गाउँपालिकाले भु-उपयोग क्षेत्र वर्गीकरण नक्सा वमोजिम आफनो क्षेत्रभित्रको जग्गाको जग्गाधनी श्रेस्ता र प्रमाण पुर्जामा तत्-तत् क्षेत्र देखीने गरी अद्यावधिक गर्नु पर्नेछ ।

(२) उपदफा (१) वमोजिम अद्यावधिक गरीएको कार्यमा चित नबुझे जग्गाधनीले जिल्ला अदालत समक्ष त्यस्तो कार्य भएको मितिले पैतिस दिनभित्र उजुरीदिन सक्नेछ ।

### ८.भु-उपयोग परिवर्तन गर्न नहुने :

(१) दफा ४ वमोजिम एउटा प्रयोजनका लागी वर्गीकरण गरीएको जग्गा अर्को प्रयोजनमा प्रयोग गर्ने गरी भु-उपयोग परिवर्तन गर्न पाइने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखीएको भएता पनि कुनै व्यक्तिले निज हकभोगमा रहेको जग्गा निर्धारित प्रयोजनमा भन्दा फरक प्रयोजनमा प्रयोग गर्नु पर्ने भएमा सोको आधार र कारण खुलाई सम्बन्धित स्थानीय भु-उपयोग परिषदमा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) वमोजिम निवेदन प्राप्त भएमा वा आफनो क्षेत्र भित्रको कुनै जग्गाको निर्धारित भु-उपयोग परिवर्तन गर्नु पर्ने भएमा सम्वन्धित स्थानीय भु-उपयोग परिषदले सोको आधार र कारण खुलाई प्रादेशिक भु-उपयोग परिषद समक्ष अनुरोध गर्नु पर्नेछ ।

(४) उपदफा (३) वमोजिम अनुरोध प्राप्त भएमा प्रादेशिक भु-उपयोग परिषदले सो प्रयोजनको लागी अध्ययन गरी प्राविधिक प्रतिबेदन पेस गर्ने माटो भुगर्भ कानुन भु-उपयोग योजना कृषि वन तथा वातावरण भुमि नापि तथा सहरी योजना क्षेत्रको विशेषज्ञ र सम्वन्धित स्थानीय तहको प्रमुख वा उपप्रमुख रहेको एक समिति गठन गर्न सक्नेछ ।

(५) उपदफा (४) वमोजिम समितिले दिएको प्राविधिक प्रतिवेद समेतको आधारमा माग वमोजिम भु-उपयोग परिवर्तन गर्न उपयुक्त देखीएमा प्रादेशिक भु-उपयोग परिषदले संघिय भु-उपयोग परिषद समक्ष सिफारिस गर्नु पर्नेछ ।

(६) उपदफा (५) वमोजिम सिफारिस प्राप्त भएमा संघिय भु-उपयोग परिषदले विद्यामान परिवर्तन गर्न सक्नेछ ।

(७) उपदफा (१) मा जुनसुकै कुरा लेखीएको भए तापनि स्थानीय सरकारले देहायका स्थानको विद्यामान भू-उपयोग परिवर्तन गर्ने सक्नेछ ।

क) ठोस,तरल वा ग्याँस अवस्थाका महत्वपुर्ण प्राकृतिक स्रोत रहेको भुमिको सतह वा सतह भन्दा मुनिको स्थान

ख) राष्ट्रिय गौरव प्राथामिकता प्राप्त विकास आयोजनाहरु औद्योगीक क्षेत्र बिशेष आर्थिक क्षेत्र लगायतका आयोजना स्थापना गर्नु पर्ने स्थान



तातोपानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सितालकोट,जुम्ला कर्णाली प्रदेश,नेपाल २०७३

ग) राष्ट्रिय सुरक्षाको दृष्टिकोणले महत्वका क्षेत्र अन्तर्राष्ट्रिय सिमा विश्व सम्पदा सुचिमा परेका सास्कृतिक,प्राकृतिक ऐतिहासिक र पुरातात्विक महत्वका स्थान

घ) अन्तर प्रदेश भु-उपयोग क्षेत्र व्यवस्थापन गर्नु पर्ने स्थान

ङ) नेपाल सरकारले आवश्यकता ठानेको अन्य क्षेत्र ।

८. यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सम्वन्धित स्थानीय भु-उपयोग परिषदको सिफारिसमा गाउँपालिकाले देहायका अवस्था विद्यमान परिवर्तन गर्ने सक्नेछ ।

क) अन्तर स्थानीय तह भु-उपयोग क्षेत्र व्यवस्थापन गर्नु परेमा,

ख) दुइ वा सो भन्दा वढि गाउँपालिकाको भौगोलिक क्षेत्रमा पर्ने कुनै प्रदेश स्तरिय विकास आयोजना सञ्चालन गर्नु परेमा

(९) भु-उपयोग परिवर्तनको स्वीकृत दिने प्रकृया सम्बन्धि अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ ।

(९) **भू- उपयोग परिवर्तन गर्न सकिने :**

(१)यस ऐनमा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँपालिकाले आफनो क्षेत्रभित्रको कुनै स्थानीय वा वस्ती कुनै विपद वा प्राकृतिक प्रकोपका कारण असुरक्षित भएमा त्यस्तो क्षेत्रलाई असुरक्षित वा अव्यवस्थित स्थान घोषणा गरी त्यस्तो स्थानमा वसोवास गरेको परिवार वा समुदायलाई सुरक्षित तथा व्यवस्थित स्थानमा वसोवासको व्यवस्था मिलाउने गरी भु-उपयोग परिवर्तन गर्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिम भु-उपयोग परिवर्तन गराउदा अन्यत्र जग्गा उपलब्ध हुन नसक्ने अवस्थामा मात्र कृषि क्षेत्रमा वसोवासको व्यवस्था मिलाउने गरी भू-उपयोग परिवर्तन गर्न सकिनेछ ।

**१०. जग्गाको खण्डीकरण नियन्त्रण चक्लाबन्दी गर्ने**

(१) जग्गाको खण्डीकरण नियन्त्रण तथा कित्ताकाट गर्ने कार्यलाई नियमन गर्ने आवश्यक आधार र मापदण्ड तोकिए वमोजिम हुनेछ ।

(२) गाउँपालिकाले कृषि भुमिको आधुनिकिकरण,यान्त्रीकरण,सहकारी खेती,सामुहिक खेती,सार्वजनिक खेती गर्न तोकीए वमोजिमको क्षेत्रफलको कित्ता जग्गाको एकिकरण गरी चक्लाबन्दी कार्यक्रम गर्न गराउन सक्नेछ

(३) चक्लाबन्दी र जग्गा एकिकरण कार्यक्रमलाई प्रोत्साहन गर्न गाउँपालिकाले विशेष सुविधाका कार्यक्रमहरु संचालन गर्न सक्नेछन ।

(४) चक्लाबन्दी कार्यक्रम सन्चालन गर्ने सम्वन्धि अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ ।

**११. नयाँ घर निर्माण वा वसोवासका पुर्वाधारहरु थप वा विस्तार गर्न नसक्ने ।**

(१) यो ऐन पारित हुदाको वखत कृषि क्षेत्रमा घर साविक वमोजिम वसोवास गरेको सो वाहेक नयाँ घर निर्माण वा वसोवासका पुर्वाधारहरु थप वा विस्तार गर्न सकिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखीएको भए तापनि साविक वमोजिम वसोवास गरी आएको घर कुनै कारणले भत्केको वा पुरानो भई नयाँ वनाउनु पर्ने अवस्था भएमा घर निर्माणको लागी निजको अन्यत्र कुनै जग्गा नभएमा कृषि क्षेत्रमा नया घर निर्माण वा कृषि प्रयोजनका लागी आवश्यक पर्ने सरचना वनाउन वाधा पर्ने छैन ।

**१२. घडेरी बिकसित गर्न नपाईने :**

यस ऐन प्रचलित आवासिय प्रयोजनको लागी वर्गीकरण गरीएको क्षेत्र वाहेकका अन्य क्षेत्रमा कुनै पनि प्रयोजनले व्यवसायिक रुपमा घडेरी विकसित गर्ने र सोको बिक्रि वितरण गर्न पाइने छैन ।

**१३. जग्गा मुल्यांकन र करको निर्धारण :**

गाउँपालिकाले आफनो क्षेत्रभित्रको जग्गा मुल्याकंन गर्दा र भुमि सम्बन्धी करको निर्धारण गर्दा भु-उपयोग क्षेत्र वर्गीकरणलाई समेत आधार मान्नु पर्नेछ ।

**१४. स्थानीय भु-उपयोग परिषद :**

(१) भु-उपयोग क्षेत्र तथा क्षेत्रभित्रको जग्गा मुल्याकंन गर्दा र भुमि सम्बन्धत करको निर्धारण गर्न स्थानीय भु-उपयोग परिषद रहने छ ।

(२) सम्बन्धित गाउँ कार्यपालिकाले स्थानीय भु-उपयोग परिषदको रुपमा कार्य गर्नेछ ।

(३) स्थानीय भु-उपयोग परिषदको आफनो कार्य सम्पादनको क्रममा विषय बिज्ञको सहयोग लिन सक्नेछ ।

(४) स्थानीय भु-उपयोग परिषदको बैठक आवश्यकता अनुसार वस्नेछ ।

(५) स्थानीय भु-उपयोग परिपदको वैठक सम्वन्धि कार्यविधि परिषद आफैले निर्धारण गरे वमोजिम हुनेछ ।

**१५. स्थानीय भु-उपयोग परिषदको काम,कर्तव्य र अधिकार :**

यस ऐनमा अन्यत्र उल्लखित काम कर्तव्य र अधिकारका अतिरिक्त स्थानिय भु-उपयोग परिपदको काम र अधिकार देहाय वमोजिम हुनेछ ।

क) स्थानीय भु-उपयोग योजना स्वीकृत गर्ने

ख) भुमि सम्वन्धि लगत सकंलन विश्लेषण र उपयोग गर्ने

ग) आफनो तहको भु-उपयोग क्षेत्र नक्सा अद्यावधिक गराउने ।

घ) आवश्यकता अनुसार आफनो तहको भु-उपयोग उपक्षेत्र वर्गीकरंण गर्ने

ङ) भु-उपयोग क्षेत्र वगीकरण सम्वन्धि सुचना तोकीए वमोजिम सरोकारवालाको पहुचमा पुर्याउने स्थानीय भु-उपयोग कार्यान्वयन समितिलाई निर्देशन दिने

च) गाउँपालिकाले भु-उपयोग योजना कार्यन्वयनका प्रक्रिया र मापदण्ड तयार गरी लागु गर्ने

छ) भु-उपयोग योजना कार्यन्वयनको अनुगमन गर्ने

ज) भु-उपयोग परिवर्तनका लागी स्पष्ट आधार र कारण सहित सिफारिस गर्ने
झ) तोकिएको उपयोग भन्दा फरक उपयोग गरेमा कारवाही गर्ने
ञ) भु-उपयोगमा उल्लेखनीय योगदान गर्ने व्यक्ति परिवार वा संस्थालाई पुरस्कृत गर्ने
ट) धार्मिक ऐतिहासिक सास्कृतिक पुरातात्कि सार्वजनिक सामुदायिक स्थलहरुको संरक्षण गर्ने
ठ) आफनो तहको भु-उपयोग सम्बन्धी आवश्यक नीतीहरु तर्जुमा गरी पारित गर्ने ।

१६. **कार्यान्वयन समिति :**

स्थानीय भु-उपयोग परिषदको कार्यमा सहयोग गर्ने प्रत्येक स्थानीय तहमा देहाय वमोजिमको एक भु-उपयोग कार्यान्वयन समिति रहनेछ ।

| | |
|---|---|
| क) गाउँ कार्यापालिकाका अध्यक्ष | अध्यक्ष |
| ख) वडाको वडा अध्यक्ष | सदस्य |
| ग) गाउँपालिकाका कृषि,वन,भुमि,सहकारी विकास र भौतिक पुर्वाधारसँग सम्वन्धि शाखाका प्रमुख | सदस्य |
| घ) सरोकारवालाहरु मध्येवाट स्थानीय भु-उपयोग परिषदले तोकेको दुइ जना महिला सहित चार जना | सदस्य |
| ङ) सम्वन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

(२) उपदफा (१) को खण्ड (घ) वमोजिम तोकीएका सदस्यहरुको पदावधी तीन वर्षको हुनेछ ।
(३) कार्यान्वयन समितिको काम,कर्तव्य र अधिकार देहाय वमोजिमको हुनेछ ।
क) स्थानीय भु-उपयोग परिषद वाट स्वीकृत भु-उपयोग योजना कार्यान्वयन गर्ने ।
ख) वर्गीकृत क्षेत्रको सुचना तोकीए वमोजिम सरोकारवालाको जानकारीको लागी सार्वजनिक गर्ने ।
ग) प्रत्येक वडाको वडा स्तरिय भु-उपयोग योजना तयार गर्ने ।
घ) वडास्तरिय भु-उपयोग योजना वडा समितिबाट अनुमोदन गराई सो का आधारमा स्थानीय तहको समष्टिगत भु-उपयोग योजना तयार पारि स्थानीय भु-उपयोग परिषदमा पेस गर्ने ।
ङ) कार्यान्वयन क्रममा देखिएका समस्याहरु समाधानका लागी विकल्प सहित स्थानीय भु-उपयोग परिषदमा पेस गर्ने ।
च) भुमिको संरक्षण र दिगो उपयोगको लागी सचेतना अभिवृद्धी गर्ने ।
छ) तोकीएको उपयोग भन्दा फरक उपयोग गरेमा वा तोकीए वमोजिम नगरेमा कारवाहीको लागी स्थानीय भु-उपयोग परिषदमा सिफारिस गर्ने ।
ज) कृषियोग्य जमिन वाझो रहे नरहेको अनुगमन गर्ने ।
झ) सामुदायिक भुमिको पहिचान गरी सामुहिक हितमा उपयोगको व्यवस्था मिलाउने ।
ञ) भु-उपयोगमा उल्लेखिनीय योगदान गर्ने व्यक्ति,परिवार वा संस्थालाई पुरस्कृत गर्ने सिफारिस गर्ने ।
(४) कार्यान्वयन समितिको बैठक सम्बन्धि व्यवस्था तोकीए वमोजिम हुनेछ ।



१७ **भूमि बैक सम्बन्धि व्यवस्था :**

(१) भु-उपयोग वर्गीकरण सम्वन्धि व्यवस्था कार्यान्वयन गर्ने भुमिको अधिकतम उपयोग गरेर उत्पादत्व वृद्धि गर्न स्थानीय सरकारले आवश्यकता अनुसार स्थानीय तहमा भुमि बैकको स्थापन गर्न सक्नेछ ।
(२) भुमि बैक सम्वन्धी अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ ।

१८. **सुविधा तथा प्रोत्साहन :**

कृषियोग्य जमिनको अधिकतम उपयोग गर्ने कृषकलाई प्रोत्सान गर्न स्थानीय तहले बिभिन्न कार्यक्रमहरु सन्चालन गर्न सक्केछ ।

१९. **भु-उपयोग योजनाको पुनरावलोकन :**

स्थानीय तहले आवश्यकता अनुसार भु-उपयोग योजनाको पुनरावलोकन गर्न सक्नेछ ।

## परिच्छेद-५

## कसुर तथा सजाय

२०. **कसुर गरेको मानिने :**

देहाय वमोजिमका कार्य गरेमा यस ऐन वमोजिम कसुर गरेको मानिनेछ ।
क) तहगत भु-उपयोग नक्सा र भु-उपयोग योजना वमोजिम कार्य नगरेमा
ख) काबुबाहिरको परिस्थिती उत्पन्न भई जग्गा बाझो खाल्नु पर्ने उचित र पर्याप्त कारण सहितको सुचना सम्वन्धी स्थानीय तहले दिएको अवस्थामा बाहेक कृषि क्षेत्रमा वर्गीकृत जमिन लगातार तीन वर्षदेखी बाझो राखेमा ।
ग) यस ऐनमा उल्लेखित अवस्थामा वाहेका निर्धारित भु-उपयोग क्षेत्र वर्गीकरण परिवर्तन गरेमा ।

२१. **सजाय :**

(१) कसैले देहायका कसुर गरेमा तोकिएको अधिकारीले देहाय वमोजिमको सजाय गर्न सक्नेछ ।
क) दफा २० को खण्ड (क) वमोजिमको कसुर गरेमा एक लाख रुपैया सम्म जरिवाना ।
ख) दफा २० को खण्ड (ख) वमोजिमको कसुर गरेमा उत्पादन अनुगमनको आधारमा पचास हजार रुपैया जरिवाना
ग) दफा २० को खण्ड (ग)को वमोजिम कसुर गरेमा एक लाख पचास हजार रुपैया सम्म जरिवाना
(२) उपदफा (१) वमोजिमको अधिकारीले दफा २० को खण्ड (ग) वमोजिमको कसुर गरी निर्धारित भु-उपयोग परिवर्तन गरेमा उपदफा (१) मा उल्लिखीत जरिवानाका अतिरिक्त त्यस्तो जग्गा छ महिनाभित्र साविक भु-उपयोग कायम गर्ने गरी आदेश दिन सक्नेछ ।

२२. **उजुर गर्न सक्ने :**

दफा २० वमोजिमको कसुर गरेकोमा तोकिएको निकायमा उजुर गर्न सकिनेछ ।

२३. **पुनरावेदन :**



तातोपानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सिताकोट,जुम्ला कर्णाली प्रदेश,नेपाल २०७३

दफा २१ वमोजिम भएको सजाय चित नबुझेमा सम्वन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

२४. **संक्षिप्त कार्याविधि अपनाईने :**

दफा २० वमोजिमको कसुरसँग कारवाहि र किनारा गर्दा संक्षिप्त कार्याविधि ऐन २०२८ वमोजिमको कार्याविधि अपनाउनु पर्नेछ ।

## परिच्छेद-६

## विविध

२५. **अधिकार प्रत्यायोजन गर्न सक्ने :**

यस ऐन वमोजिम तोकीएका अधिकारले आफुलाई प्राप्त अधिकारमध्ये मुद्धा हेर्ने अधिकार वाहेक अन्य सबै वा केहि अधिकार आफनो मातहतको अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२६. **समावेशीताको आधारमा मनोनयन गर्नु पर्ने :**

स्थानीय सरकारले यस ऐन वमोजिम स्थानीय भु-उपयोग परिषद विज्ञ सदस्य मनोनयन गर्दा समावेशिताको आधारमा गर्नु पर्ने ।

२७. **नियम बनाउने अधिकार :**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न स्थानीय सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

२८. **निर्देशिक वा कार्यविधि बनाउन सक्नेछ ।**

यो ऐन वा यस ऐन अर्न्तगत बनेको नियमहरुको अधिनमा रहि स्थानीय तहले आवश्यकता परेमा निर्देशिका वा कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

आज्ञाले
तीर्थ बहादुर कठायत
प्रमुख प्रशासकीय अधिकृत